जनकपुरधाम उप-महानगरपालिका
जनकपुवधाम उप-महानगवपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८१ /०८२
चलानी नं. :- ११२३

मिति २०८१/०८/०८

श्री सम्पुर्ण संस्थागत विद्यालयहरु,
जनकपुरधाम उपमहानगरपालिका।

विषय : निर्देशन कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा जनकपुरधाम उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१।०८।०८ गतेको निर्णयानुसार संस्थागत विद्यालयहरुमा अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ को प्रावधान अनुरुप संस्थागत विद्यालयले १०% विद्यार्थीहरुलाई निःशुल्क छात्रवृतिमा अध्यापन गराउनु पर्ने प्रावधान कार्यान्वयनका लागि यस कार्यालय बाट विद्यार्थीहरुको नामावली पठाइएकोमा सम्बन्धित विधालय र शिक्षण संस्था सम्बद्ध संगठनहरुले रजिष्ट्रेशन शुल्क र परिक्षा शुल्क मात्रै लिई गराउन नसकिने भन्दै थप अन्य शिर्षकमा शुल्क लिन पाउनु पर्ने भन्दै विद्यालयहरु वन्द गराइएको विषयमा विद्यालय सञ्चालन गराउन शिक्षण संस्था सम्बद्ध संगठन संग पटक-पटक छलफल/वार्ता गरिएकोमा सो निःशुल्क छात्रवृति सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न आनाकानी गरी वार्ता निष्कर्ष विहिन भएको सम्वन्धमा मिति २०८१।०८।०९ गते आईतवारका दिन देखि सम्पुर्ण संस्थागत विद्यालय सुचारु गरी विद्यार्थीको शिक्षा प्राप्त गर्न पाउने संवैधानिक शिक्षा सम्बन्धि हकको कार्यान्वयन गर्नुको साथै उपरोक्तानुसार अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ र ऐ को नियमावली २०७७ को व्यवस्था अनुसार निःशुल्क छात्रवृति सम्बन्धि व्यवस्था कार्यान्वयन नगरे वा विद्यालय बन्द राखेमा कानुन बमोजिम कार्यवाही गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(धिरेन्द्र लाल कर्ण)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

"धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com